# इम्बोक्स नवलपरासी

## विशिष्टीकरण तालिका २०८०

पूर्णाङ्क –५०

कक्षा –८

उत्तीर्णाङ्क –२०

विषय – नेपाली समय : २ घण्टा

| क .स. | विधा तथा पाठको प्रकार | विधा | जम्मा प्रश्न | उत्तर दिने संख्या | अङ्क | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शब्द भण्डार पाठ्यपुस्तकबाट ४वटा शब्द दिएर र अर्थ बिच जोडा मिलाउन लगाउने | शब्दार्थ | १ | १ | ४×०.५ | २ |
| २ | खाली ठाउँ भर्न लगाउने (पर्यायवाची, विपरीतार्थी,श्रुतिसम,अनेकार्थी र समावेशी आदिबाट मिल्ने उत्तर छानेर लेख्न लगाउने | शब्द पहिचान | १ | १ | ४×०.५ | २ |
| ३ | शब्द भण्डार उखान, टुक्का, निपात,प्राविधिक शब्द र अनुकरणात्मक शब्द दिई वाक्य निर्माण गर्न लगाउने | वाक्यमा प्रयोग | १ | १ | ३×१ | ३ |
| ४ | वर्णविन्यास/हिज्जे मिलाइ लेख्न लगाउने | वाक्य शुद्दिकरण शब्दशुद्दिकरण | १ | १ | ४×०.५<br>२×०.५ | २<br>१ |
| ५ | पदवर्ग (नाम,सर्वनाम,विशेषण,कियापद ,नामयोगी,कियायोगी/कियाविशेषण,संयोजक,विस्मयादिबोधक,निपात) | शब्दवर्ग | १ | १ | ४×०.५ | २ |
| ६ | कारक र विभक्ति पहिचान गर्ने वा खाली ठाउँ भर्ने | कारक र विभक्ति | १ | १ | २×०.५ | १ |
| ७ | काल,पक्ष र भावका आधारमा खाली ठाउँमा उपयुक्त कियापद भर्ने | वाक्य निर्माण | १ | १ | ४×०.५ | २ |
| ८ | वाक्य परिवर्तन(लिङ्ग ,वचन,पुरुष,आदर,करण,अकरण) | वाक्य परिवर्तन | १ | १ | ३×१ | ३ |
| ९ | कियाको खास काल,पक्ष र भावको कोटी तोकेर न्यूनतम ३ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने | वाक्य रचना | १ | १ | १×३ | ३ |
| १० | बोध प्रश्न पाठ्यपुस्तक एवं कुनै स्तरीय लेख रचनाबाट १२० शब्द सम्मको अनुच्छेद दिइ चारवटा प्रश्न सोध्ने | बोध प्रश्न | १ | १ | १×४ | ४ |
| ११ | बुँदा टिपोट १००शब्द सम्मको गधांश दिइ ४ वटा बुँदा टिपी सारांश लेख्न लगाउने | बुँदा टिपोट र सांराश लेखन | १ | १ | १×४ | ४ |
| १२ | निर्देशित रचना,कथा,जीवनी,चिठी,निवेदन,संवाद,मनोवाद मध्ये कुनै एकको बारेमा लेख्न लगाउने | निर्देशित रचना | २ | १ | १×४ | ४ |
| १३ | भावविस्तार(कथा,कविता,निबन्ध,प्रबन्ध,जीवनी) | गद्य र पद्य | २ | १ | १×३ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | संक्षिप्त प्रश्न(पाठगत प्रश्नोत्तर) | क्था,कविता,निबन्ध,जीवनी,प्रबन्ध र चिठी | ४ | २ | २×२ | ४ |
| १५ | विवेचनात्मक प्रश्न | कथा,कविता,निबन्ध,प्रबन्ध,जीवनी | २ | १ | १×५ | ५ |
| १६ | निबन्ध लेखन | कुनै एक शीष<br>किमा १५० शब्द नघटाइ निबन्ध लेख्न लगाउने | ३ | १ | १×५ | ५ |

प्रथम त्रैमासिक परीक्षा

पाठ १ देखि पाठ ४ सम्म अध्यापन गराउने

दोस्रो त्रैमासिक परीक्षा – पाठ ५ देखि पाठ ९ सम्म

,तेस्रो त्रैमासिक परीक्षा –पाठ १० देखि १३ सम्म  वार्षिक परीक्षा – पाठ १४ देखि १७ सम्म र पुनरावृत्ति गराउने

# इम्बोक्स नवलपरासी
# नमुना प्रश्नपत्र-२०८०
प्रथम त्रैमासिक परीक्षा -२०८०

कक्षाः ८ पुर्णङ्कः ५०

विषयः नेपाली समयः २ घण्टा उत्तीर्णाङ्कः २०

प्र.१) समूह “क” मा दिइएका शब्दको अर्थ समूह “ख” बाट पहिचान गरी लेख्नुहोस् । ४×०.५=२

| समूह “क” | समूह “ख” |
|---|---|
| मिर्मिरे | तयार |
| तैनाथ | विहानी पख हुन लागेको अवस्था |
| मुन्धुम | ढिला नगरी |
| अविलम्ब | लिम्बु जातिको धर्मशास्त्र |

प्र.२) खाली ठाउँमा मिल्ने शब्द राखी ठाउँ भर्नुहोस् । ४×०.५=२

क) सूर्यको पर्यायवाची शब्द....................हो । (चन्द्र, घाम, पृथ्वी)

ख) उकालो शब्दको विपरीतार्थी शब्द.............शो ।(वर, पर, ओरालो)

ग) शव(सब ............हुन् । (पर्यायवाची, विपरीतार्थी)

घ) ............अनेकार्थी शब्द हो । (कर, थर, घर)

प्र.३) अथए स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । ३×१=३

आलु, खानु, तारिफ

प्र.४) तल दिईएका वाक्यलाई शुद्ध गरी लेख्नुहोस् । ४×०.५=२

क) वर्शामा सिमसि पानि परेको र कुहीरो लागेकाले बाटो हिँड्न सहज थीएन ।

(ख) तल दिइएका शब्द समूहबाट शुद्ध छानी लेख्नुहोस् । २×०.५=१

(अ) मिहीनेत    मिहिनेत    मीहिनेत    मीहीनेत

(आ) परिधि    परीधि    परिधी    परीधि

प्र.५) रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् ।    ०.५×४=२

<u>राम</u> <u>र</u> गोपाल विद्यालय <u>गएर</u> <u>पढे</u> ।

प्र.६) खाली ठाउँमा मिल्ने विभक्ति चिन्ह भर्नुहोस् ।    २×०.५=१

(क) हरि..............किताब पढ्यो । (ले, लाई, मा)

(ख) गोपाल पोखरा.............आयो । (ले, लाई,बाट)

प्र.७)कोष्ठकमा दिइएका धातु र सङकेतका सहायताले खाली ठाउँ भर्नुहोस् ।    ४×०.५=२

(क) राम विद्यालय‘‘‘‘(जाः सामान्य वर्तमान)

(ख) गोपालले खाना‘‘‘(खाः सम्भावनार्थ)

(ग) सीता बजार‘‘‘‘(जाः अपूर्ण भूत)

(घ) मैले किताब ‘‘‘(पढ्ः सामान्य भविष्यत्)

प्र.८) कोष्ठकमा दिइएको निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् ।    ३×१=३

(क) छोरो खेल्न गयो । (स्त्री लिङ्ग)

(ख) म घुम्न जान्छु। (तृतीय पुरुष)

(ग) चरो आकाशमा उड्छ । (बहुवचन)

प्र.९) सामान्य वर्तमान कालको प्रयोग गरी आ□नो विद्यालयको बारेमा ३ वाक्यमा वर्णन गर्नुहोस् ।    १×३=३

प्र.१०) दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् ।    ४×१=४

नेपाल लोक साहित्यमा धनी मुलुक हो । लोक साहित्यका विविध विद्यामध्ये लोकगीत पनि एक हो । चाडपर्व, मेलापात, घाँस दाउरा, ढिकी जाँतो गर्दा गाइने लोकभाका नै लोकगीत हो । लोकगीत लोक लयमा आधारित हुन्छ । सवाई, असारे, तिज, भैलो, मारुनी, फ्याउरे सेलो आदि लोक लयका उदाहरण हुन् । संस्कृति परम्परा, भाषा, भूगोल, जातजाति, जीवनशैली लगायत पक्षलाई जीवन्त बनाएको छ । नोपाली परम्परालाई चिनाएको छ लोक लयको आ□नै मौलिक संरचना हुन्छ । यही संरचनाले लय वा भाका निर्धारण गरेको हुन्छ ।

**<u>प्रश्नहरु</u>**

(क) लोक भाका कहाँ कहाँ गाइन्छन् ?

(ख) लोक लयका कुनै ३ वटा उदाहरण लेख्नुहोस् ।

(ग) लोकलयको आधार के लाई भनिन्छ ?

(घ) नेपाली जनजीवन कसरी जीवन्त बनेको छ ?

प्र.११) तलको गद्यांशबाट चार वटा बुँदा टिपोट गरेर सारांश लेख्नुहोस् । ४×१=४

नेपाल प्राकृतिक दृष्टिकोणले सम्पन्न मुलुक हो । हावापानी, उचाइ र धरातलीय विविधताले यहाँ प्राकृतिक विविधता पनि भनिन्छ । आजभोलि संसारभरका मुलुक जैविक विविधताको मामिलामा सचेत देखिन थालेका छन् जैविक विविधताका विभिन्न पक्षमध्ये हाम्रो देशमा रहेका महत्वपूर्ण र दुर्लभ जडीबुटी पनि पर्छन् । चाँप, जटामसी सर्पगन्धा, लोठ सल्ला, पाँचऔंले, यार्चागम्बा आदि बोटबिरुवा एवं जडिबुटी हाम्रा बहुमूल्य सम्पत्ति हुन् । नेपालमा ६०० मिटर को उचाई देखि १५०० मिटरको उचाइसम्म पाइने चाँपको बोट ३० मिटरसम्म अग्लो हुन्छ । चाँपको फूलबाट बनाइने तेल आँखा र बाथ रोगका निम्ति उपयोगी हुन्छ भने फूल, फल शक्ति बर्धक औषधीका रुपमा पनि प्रयोग हुन्छ । ३००० देखि ५००० मिटरको उचाइमा पाइने सानो सुगन्धित बिरुवा जटामसी पनि अत्यन्त महत्तवपूर्ण जडिबुटी हो । यो जडीबुटी छारेरोग र मुटुरोग आदिका निम्ति औषधीका रुपमा प्रयोग गरिन्छ ।

प्र.१२) तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् । १× ४=४

नामः लक्ष्मी प्रसाद देवकोटा

जन्मः वि.स. १९६६ कार्त्तिक २७ गते लक्ष्मी पूजाका दिन

जन्मस्थानः धोबीधारा, काठमाडौ

मातापिताः अमर राज्यलक्ष्मी / तिल माधव देवकोटा

शिक्षा : स्नातक सम्म

प्रमुख कृतिहरुः महाकाव्य, शाकुन्तल, सुलोचना, वनकुसुम महाराणा प्रताप, पृथ्वीराज, चौहान

खण्डकाव्यः मुनामदन, लुनी, कुञ्जिनी

उपन्यासः चम्पा

साहित्यिक योगदानः नेपाली साहित्यका महाकवि, एकेडेमीका संस्थापक

मृत्युः वि.स. २०१६ काठमाडौं

अथवा

आफु गरिब र जेहेन्दार भएको कुरा उल्लेख गर्दै विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति आफुलाई पनि प्रदान गरियोस् भनि प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

प्र.१३) तलका मध्यो कुनै एकको भावविस्तार गर्नुहोस् । १×३=३

क) हामीले आŠनो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदका प्यारा लासले धिक्कार्ला ।

ख) पहाडमा मानिसले मात्र होईन, जनावर, किरा र बिरुवाले पनि लडाइँ पनि गर्दा रहेछन् ।

प्र.१४) तलका मध्ये कुनै तीन प्रशनको प्रश्नको संक्षिप्त उत्तर लेख्नुहो । ४×१=४

क) वीरले किन रगतको भेटी चढाउँछन् ?

ख) पृथ्वी नारायण शाहले हेरेको पत्रमा के लेखिएको थियो ?

ग) स्वामी प्रपन्नाचार्यको कृतिहरु कुन कुन कुन् ?

घ) सैगात अल्लो कपडा उद्योग कहाँ छ ?

प्र.१५) विवेचनात्मक उत्तर लेख्नुहोस् । (कुनै एकको मात्र) १×५=५

क) सहिदहरुको सम्झनामा कविताको मूलभाव लेख्नुहोस् ।

ख) स्वामी प्रपन्नाचार्यले वैदिक वाङ्मयका क्षेत्रमा पुऱ्याएका योग दान चर्चा गर्नुहोस् ।

प्र.१६) दिइएका शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् (कुनै एकको मात्र) १×५=५

क) मेरो देश

ख) मेरो जीवनको लक्ष्य

ग) कम्प्युटरको महत्व

समाप्त

इम्बोक्स नवलपरासी
नमुना प्रश्नपत्र-२०८०
दोस्रो त्रैमासिक परीक्षा -२०८०

प्रश्न नं १ तलका शब्दहरूको अर्थ समूहबाट पहिचान गरी जोडा मिलाउनुहोस्। २

| समूह क | समूह ख |
|---|---|
| उद्धार | उपयुक्त |
| आभूषण | लिम्बुजातिको धर्मशास्त्र |
| उचित | बगैंचा |
| मुन्धुम | गहना |
| | समतामूलक |

प्रश्न नम्बर 2 पुस्तकबाट मिल्ने शब्द छानी खालि ठाउँ भर्नुहोस् २

क जननीको पर्यावाची शब्द...... हो | [आमा, दिदि, बहिनी]

ख कर........ शब्द हो| [ लघुताबाची, विपरीताथ , अनेकाथी]

ग दिशा दिशा ......शब्द हो |[ पर्यावाची, श्रुतिसमभिन्नार्थक, अनेकाथी]

घ बाजाको समावेशी शब्द.... हो|[ नाच, गित, डम्फु]

प्रश्न नम्बर 3 अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्| ३

रुपान्तरित, टुलुटुलु, हुने बिरुवाको चिल्लो पात

प्रश्न नं 4 तल वाक्यलाई शुद्ध पारी सार्नुहोस् २

क ओहो ईश्वर त पदयात्राका पारखी नै रहेछन्

ख तल दिइएका शब्द समुहबाट शुद्ध शब्द छानि लेख्नुहोस् १

अ) । परिक्षा ।। परीक्षा ।।। परिछा ।परीछा

अ) । भविश्य ।। भवि

प्रश्न नम्बर 5 रेखांकित शब्दहरूको पद वर्ग छुट्याउनुहोस्

नयाँ नेपालको निर्माणमा हामी सबै नेपालीहरु एकजुट भएर लाग्नुपर्छ|

प्रश्न नम्बर 6 रेखांकित शब्द हरु को कारक छुट्याउनुहोस्

प्रश्न नम्बर 7 कोष्टकमा दिएको धातु र संकेत सहायताले वाक्य पुरा गर्नुहोस्

क नेपालमा ठूलो भूकम्प .......[ जा ; पुर्ण भुत]

ख तिमी सफल हुनलाई धेरै परिश्रम.......[ गर; सामान्य भविष्य]

ग उनीहरू गीत गाएर......[ नाच; सम्भावना ]

घ सुरज पोखरा .....[ जा;अज्ञात भूत]

प्रश्न नम्बर 8 कोष्टकमा दिएको निर्देशनअनुसार तल का वाक्य परिवर्तन गर्नुहोस्

क कवि कविता लेख्छन् \ [ स्त्रीलिङ्ग]

ख नपढी ठूलो भइन्न [करण ]

ग मदेश लाई माया गर्छु|[ तृतीय पुरुष]

घ आकाशमा चराहरु उड्छन्[ एक वचन]

प्रश्न नम्बर 9 सामान्य भविष्य काल को क्रियापदको प्रयोग गरी तपाईंको भविष्यको योजनाका बारेमा वर्णन गर्नुहोस्

प्रश्न नम्बर 10 तर दिएको पद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्

परोपकार र समाजसेवा नेपाली संस्कृतिका आधारभूत पक्ष हुन् | देश र जनताका लागि वीर पुर्खाहरूले आफ्नो जिउ ज्यानको बलिदान दिए| हामी हाम्रो आश्रयमा आएका पाहुनालाई स्वागत गर्छौं |पाहुनालाई देवता सरह ठानी सत्कार गर्छौं | आपतमा परेको उद्धार गर्नु हाम्रो पहिलो कर्तव्य हुन्छ | हामी परोपकारी भावनाबाट प्रेरित भएर पाटीपौवा चौतारो बनाउँछौ | मठ-मन्दिर पुल धर्मशाला र धारो निर्माण गर्छौं | हामी आफ्नो सम्पत्ति समाजसेवामा अर्पण गर्न सधैं लालियत हुन्छौ | अनाथालय वृद्धाश्रम आदि सामाजिक संस्था स्थापना गर्नुलाई हामीलाई ठूलो सौभाग्य ठान्छौँ |हाम्रो संस्कृतिमा दान गर्नुलाई महान कार्य मानिन्छ | हाम्रा bedaradi पुराना ग्रन्थहरुमा पनि दानवीरहरुको को गौरव गान पाइन्छ |

प्रश्नहरु

क नेपाली संस्कृतिको आधारभूत पछ्य केहो?

ख परोपकारी भावनाबाट प्रेरित भएर के गर्छौं ?

ग दानवीरहरुको को गौरव गान काहा पाइन्छ ?

घ अर्पण र गौरव शब्दको अर्थ के हो ?

प्रश्न नम्बर 11 तलको गद्यांश वटा बुदा टिपेर सारांश लेख्नुहोस् |

जंगल विनाश भयो भने सुख्खा खडेरी लगायत अनेकौं समस्या देखिन्छन् | पानीका स्रोत सुक्न थाल्छन् | बन्यजन्तुको बासस्थान विनाश हुन्छ | उद्योगबाट निस्केको धुवा र विषालु ग्यासले वातावरणमा हानिकारक ग्याँसको वृद्धि भएको छ | सूर्यबाट आउने आदि कारक किरण रोप्ने वातावरणको ओजन तह पातलिँदै जान्छ | परिणामस्वरुप अम्ल वर्ष आउने क्रम बढ्छ साथै अनेकौं रोग देखा पर्ने खाद्यान्न र पानीको अभाव हुने जस्ता संकट देखेका हुन्छन्| पृथ्वीको तापक्रम बढेको छ | यी सबैको कारण मान्छे हो | मानिसले मात्र प्रकृतिलाई अनुकूल बनाई वातावरण रक्षा गर्न सक्दछ |

प्रश्न नम्बर 12 तर काम मध्ये कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्

क .. नाम: भूपी शेरचन

जन्म : विसं 1992 साल पुस 12 गते

स्थान : मुस्ताङ जिल्लाको थाक टुकुचेमा

शिक्षा : B.A सम्मको औपचारिक अध्ययन

सेवा संस्था : नेपाल कम्युनिष्ट पार्टीको जिल्ला सचिव [2012] नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य [2036]

पुरस्कार : साझा पुरस्कार[2026] , गोरखादक्षिणबाहु दोस्रो द्वारा सम्मानित

कृतिहरू: नयाँ झ्याउरे[2010], गुल्मी मेचमाथि अन्धो मान्छे[2026] कविता संग्रह र भूपि शेरचनका कविता[2056] प्रकाशित भएका छन्|

विशेषता: स्वच्छन्दवादी प्रगतिवादी धाराका सशक्त गद्य कवि, क्रान्तिकारी चेतनाका कवि

मृत्यु : वि. सं 2046 साल जेठ महिना काठमाडौंमा

अथवा

ख मदन पुस्तक भण्डार दलदले le विद्यार्थी पुस्तक भण्डार कावासोतीलाई कक्षा 8 का 2000थान पुस्तकहरूको माग गरी लेखिने व्यापारिक चिठीको ढाँचा तयार पार्नुहोस् |

प्रश्न नम्बर 13 सप्रसङ्ग व्याख्या गर्नुहोस्| [ कुनै एकमात्र]

क हिमाल जस्तो स्वभिमान भएको
बुद्धको जस्तो विचार भएको
म एक वीर गोर्खाली हो
म स्वाभिमानी श्रमशिल नेपाली हु|

ख नेपालका कैयौं पद मार्ग प्राकृतिक धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण छन्|

प्रश्न नम्बर 14 तल दिइएका प्रश्नहरूको संक्षिप्त उत्तर लेख्नुहोस्[ कुनै दुई मात्र]

क भाजु लालले बनिसकेको मूर्ति भक्तलाई नदिनु उपयुक्त थियो या थिएन तर्क दिनुहोस्?
ख पर्यटन व्यवसायका माध्यमबाट कसरी रोजगारी बढाउन सकिन्छ?
ग खेतमा चिरा परेका गाडालाई कसरी ओसिलो बनाउनुपर्छ?

प्रश्न नम्बर 15 तरलता प्रश्नहरूको विवेचनात्मक उत्तर लेख्नुहोस् | [ कुनै एकमात्र]

क अमर पुत्र कथाका आधारमा मानिस मरेर गएपनि kala अमर रहन्छ भन्ने कुरालाई पुष्टि गरि समीक्षात्मक उत्तर लेख्नुहोस्|
ख मानवअधिकार निबन्धको सार लेख्नुहोस्|
ग स्वामी प्रपन्नाचार्यको जीवनीबाट की प्रेरणा पाउन सकिन्छ? विवेचना गर्नुहोस्|

प्रश्न नम्बर 16 तल मध्ये कुनै एक शीर्षकमा 150 शब्द नघटाई निबन्ध लेख्नुहोस्|

क पुस्तकालयको महत्व
ख देश प्रति मेरो कर्तव्य
ग मेरो जीवनको लक्ष्य

समाप्त

इम्बोक्स नवलपरासी
नमुना प्रश्नपत्र-२०८०
तेस्रो त्रैमासिक परीक्षा -२०८०

कक्षाः ८ पुर्णङ्कः ५०
विषयः नेपाली समयः २ घण्टा उत्तीर्णाङ्कः २०

प्र.१) समूह “क” मा दिइएका शब्दको अर्थ समूह “ख” बाट पहिचान गरी लेख्नुहोस् । ४×०.५=२

| समूह “क” | समूह “ख” |
|---|---|
| अनुमोदन | सुकेको खस्रो |
| शुष्क | उदाहरण |
| दृष्टान्त | खुसीले विह्वल |
| हर्ष विभोर | दोधार |

प्र.२) खाली ठाउँमा मिल्ने शब्द राखी खाली ठाउँ भर्नुहोस् । ४×०.५=२

क) रातको पर्यायवाची शब्द...............हो । (निशा, दिन, दिउँसो)
ख) अमृतको विपरीतार्थी शब्द...........हो । (विष, पीयुष, सुधा)
ग) बाजाको .............शब्द बाँसुरी हो । (विपरीतार्थी, अनेकार्थी, समावेश्य)
घ) हुस्सुको अर्थ..........होइन । (मुर्ख, बाक्लो कुहिरो, बादल)

प्र.३) अथ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । ३×१=३

प्रकृति फटाफट पो

प्र.४) तल दिइएका वाक्यलाई शुद्ध गरी लेख्नुहोस् । ४×०.५=२

क) नागरीकता पाएसँगै ठुलो भएपछी मलाई सोतन्त्र भएर लेख्ने इच्छा थीयो ।
ख) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् । २×०.५=१

अ) जीवनी, जीबनी, जिवनि जिवनी
आ) विद्यालए विद्यालए विद्यालय वीद्यालय

प्र.५) रेखाङ्कित पदहरुको कारक छुट्याउनुहोस् । ४×०.५=२

छि/यस्तो फोहोर ठाउँमा बस्नु हुँदैन ।

प्र.६) रेखाङ्कित पदहरुको कारक छुट्यानुहोस् । २×०.५=१

आमाले <u>चक्कुले</u> <u>तरकारी</u> काट्नुभयो ।

प्र.७) कोष्ठमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँमा भर्नुहोस् । ४×०.५=२

क) म सधै बजार ................। (जाः सामान्य वर्तमान्)

ख) उषा राम्रो....................। (नाच्ः सम्भावनार्थ)

ग) भाई सधै प्रथम...............। (हुः अभ्यस्त भूत)

घ) गाईले घाँस...................। (खाः अपूर्ण वर्तमान)

प्र.८) कोष्ठमा दिइएको निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् । ३×१=३

क) उनीहरु त्यहाँ जालान् (अकरण)

ख) तपाई घुम्न जानुहुन्छ । (उच्च आदर)

ग) त्यो केटो निकै राम्रो छ । (बहुवचन)

घ) मत्ताले केराको बोट ढालेछ । (स्त्रीलिङ्ग)

प्र.९) सामान्य भूत कालका क्रियापद गरी तीन वाक्यमा तपाईको मिल्ने साथीको बारेमा वर्णन गर्नुहोस् ।

३×१≠३

प्र.१०) दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । ४×१=४

कुनै निश्चित विषयमा केन्द्रित भएर दुई वा दुई भन्दा बढी पात्र बिच गरिने छलफल नै संवाद हो । संवादमा पात्र लगातार बोलिरहने क्रम मात्र नदेखाई कार्य तथा हाउभाउलाई पदि सङ्केत गर्नुपर्दछ । विशेषतः संवाद लेख्दा पात्रको हाउभाउलाई कोष्ठभित्र राख्नुपर्छ । संवादको पृष्ठभूमिमा स्थान, समय र वातावरणलाई पनि कोष्ठभित्र राख्नुपर्छ । यसो गर्दा संवाद यथार्थपरक र जीवन्त बन्न पुग्छ । पात्रद्धारा सम्बन्धित विषयमा तर्क वितर्क गराई संवादलाई रोचक बनाउनु पर्छ । संवादमा पात्रका माध्ययमबाट भन्नुपर्ने कुरा समेट्नु पर्छ । संवादमा पात्रको स्तर अनुसारको भाषा शैली प्रयोग गर्नुपर्छ । एउटै पात्रका माध्यमबाट लामो अभिव्यक्ति दिइरहनु उपयुक्त हुँदैन । संवादका पात्रका छलफलबाट विषय वस्तुको निस्कर्ष झल्किनु पर्छ ।

प्रश्नहरुः

क) संवादमा पात्रको हाउभाउलाई कहाँ राख्नुपर्छ ?

ख) संवादलाई रोचक बनाउन के गर्नुपर्छ ?

ग) संवादमा कस्तो भाषाशैली प्रयोग गर्नुपर्छ ?

घ) संवादमा के कुरालाई ध्यान दिनुपर्छ ?

प्र.११) तलको गद्यांशबाट चारवटा बँदा टिपोट गरी सारांश लेख्नुहोस् । २+२=४

नेपाल हिमाल, पहाड र तराईको विविधताले भरिएको सुन्दर बगैचा हो । बगैचामा रङ्गी विरङ्गी चरा चुरुङ्गी फूलहरु रहे झै यहाँ धेरै जातजाति छन् । यहाँ रङ्गी विरङ्गी चरा चुरुङ्गीका मिठा गीत जस्तै धेरै किसिमका भाषा छन् । अनेकौ मठ, मन्दिर, मुम्बा, मस्जिद र गिर्जाघर छन् । यहाँ अनेकौ चाडपर्व, रीतिरिवाज र प्रचलनहरु छन् । अनेकौ मुहानबाट पवित्र नदी जस्तै यहाँ अनेकौ परम्परा र मान्यता छन् । नेपाल विभिन्न जातजातिहरुको सङ्गम स्थल पनि हो । यसलाई विभिन्न जातका फूलहरुको साझा फूलबारी पनि भनिन्छ । यहाँका यिनै विविधतामय समाजको असल व्यवहार मान्यता र भावनाको एउटै स्वरुप हो । यसभित्र तमाम जातजाति भाषभाषी र धर्मावलम्वीहरुका विचार र भावना मिलेका छन् ।

प्र.१२) तल दिइएका बुँदाका आधारमा जीवनी तयार पार्नुहोस् । ४×१=४

नामः गुरु प्रसाद मैनाली
जन्ममितिः वि.स. १९५७ भाद्र शुक्ल चतुर्दशी
जन्म स्थानः काभ्रे
पिता, माताः काशीनाथ, रुपादेवी
शिक्षाः प्रारम्भिक शिक्षा, स्वाध्ययन
सेवाः न्याय सेवाको क्षेत्रमा न्यायाधीश समेत भएका

विशेषता

- सानैदेखि प्रतिभावान् व्यक्तित्व
- लेकप्रिय कथाकार
- पहिलो आधुनिक नेपाली कथाकार
- आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार
- पहिलो कथा नासो १९९२ को शारदा पत्रिकामा प्रकाशित
- कृतिहरु ”नासो” कथा संङ्ग्रह
- सम्मान साहित्यिक पत्रकार सङघले “मैनाली” कथा पुरस्कार को स्थापना
- मृत्युः वि.सं. २०२८ जेठ २५ गते काठमाडौं

अथवा

शुभकामनाको ढाँचामा महान् पर्व दसैका अवसरमा आफ्नो विद्यालयका तर्फबाट लेखिने शुभकामना पत्र तयार गर्नुहोस् ।

प्र.१३. तलका मध्ये कुनै एकको भाव विस्तार गर्नूहोस् । ३×१=३

क) हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको

ख) दिगो अर्थतन्त्रका लागि सनुलित बैदेशिक व्यपार अनिवार्य सर्त हो ।

प्र.१४) तलका मध्ये कुनै दुई प्रश्नको संक्षिप्त उत्तर लेख्नुहोस् । २×२=४

क) हजुरआमाको जन्मोत्सव मनोवादनको सन्देश के हो ?

ख) नेपालबाट प्रमुख रुपमा विदेश निर्यात हुने बस्तु कुन कुन हुन् ?

ग) कवितामा प्रकृतिसंग गाँसिएका के के कुरा आएका छन् ?

प्र.१५) विवेचनात्मक उत्तर लेख्नुहोस् । (कुनै एकको मात्र ) १× ५=५

क) व्यक्तिमा दृढ इच्छाशक्ति भए जतिसुकै चुनौतीपूर्ण काम पनि पूरा गरेरै छाड्छ भन्ने कुरालाई “जुन्को ताबेई” जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

ख) “सहिदहरुको सम्झनामा” भन्ने कविताको मूलभाव लेख्नुहोस् ।

प्र.१६) दिइएको शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् । (कुनै एकको मात्र ) १× ५=५

क) विद्यार्थी जीवनमा अनुशासनको महत्व

ख) मेरो देश र मेरो कर्तव्य

ग) शिक्षामा प्रविधिको प्रयोग

समाप्त

इम्बोक्स नवलपरासी
नमुना प्रश्नपत्र २०८०

कक्षा –८ वार्षिक परीक्षा २०८०
विषय – नेपाली समय :२ घण्टा

१ समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् ।४×०.५=२

| समूह 'क' | समूह 'ख' |
|---|---|
| निर्माता | अत्तोपत्तो |
| भाषिका | झण्डा |
| पताका | निर्माण गर्ने वाला |
| नाम निसान | ठाउँ अनुसार हुने भाषाको फरक रु |
| | आकाश |

प्रश्न २ खाली ठाउँमा मिल्ने शब्द राखी खाली ठाउँ भर्नुहोस् ।४×०.५= २

क)उपहार को पर्यायवाची शब्द **........** हो । -चिनारी,कोसेली,चाहना )

ख) **……..** शब्द अनेकार्थी होइन् ।(असार,मास,पानी )

ग)**............**श्रुतिसम भिन्नार्थी शब्द हुन् ।(तीर –तिर, कल–मल,यता –उता )

घ) अनुकूलको विपरीतार्थी शब्द **………..** हो । -प्रतिकूल,आकुल।सुहाउँदो )

प्रश्न ३ अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।३×१=३

बाँदरको हातमा नरिवल , टुसुक्क, आत्मनिर्भर

प्रश्न ४ तल दिइएका वाक्यलाई शुद्ध गरी लेख्नुहोस् ।४×०.५=२

क) अभाव चुनौती र प्रतीकूलतासँग सिगौरी खेल्दै सफलताको शीखर चम्नु महान व्यक्तिको लछ्छण हो ।

ख) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् ।२×०.५=१

अ) भवीष्य भविष्य भबीस्य भबिस्य

आ) पञ्चामृत पञ्चाम्रित पन्चामृत पन्चाम्रीत

प्रश्न ५ रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् ।४×०.५=२

उमेश सरासर घर गयो अनि पढ्न बस्यो ।

प्रश्न ६ रेखाङ्कित पदहरुको कारक छुट्याउनुहोस् ।२×०.५=१

भाइले कलमले चिठी लेख्यो ।

प्रश्न ७ कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाँउमा भर्नुहोस् । ४×०.५=२

क) किसानहरु धान --------(रोप : अपूर्ण भूत)गरिन्छ ।

ख) छोरो प्रथम----------।(हु: सामान्य वर्तमान )

ग)ईश्वरले सबैको रक्षा--------। -गर्: सामान्यार्थ )

घ) तिमी विदेश ----------। -जा : पूर्ण भविष्यत् )

प्रश्न ८ कोष्ठकमा दिइएको निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् ।३×१=३

क) नायक छमछम नाच्छन् । (स्त्रीलिङ्ग)

ख) म पोखरा जान्छु । (द्वितीय पुरुष )

ग) तिमी घुम्न गएछौ ।(अकरण )

प्रश्न ९ अपूर्ण भविष्यत् कालको प्रयोग गरी ३ वाक्यमा आफ्नो वनभोजको तयारीको वर्णन गर्नुहोस् ।१ ×३=३

प्रश्न १० दिइएको गधांश पढी सोधिएका प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । ४×१=४

आफैसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादलाई एकालाप पनि भनिन्छ । मनोवादमा पात्रले एक्लै कुराकानी गरिरहेको हुन्छ ।यसमा पात्रका विचार शृङ्खलाबद्ध हुँदैनन

त्यसैले यसमा विशृङ्खलित सोचाइलाई व्यवस्थित गरेर राख्ने गरिन्छ । मनोवादको प्रस्तुतिका क्रममा अनुभूति, सम्झना, विचार, प्रतिक्रिया आदि पक्षलाई समेट्नुपर्छ ।यस्तो लेखाइभित्र आफैँले प्रश्न गरेर आफैद्वारा उत्तरको खोजी गरिन्छ । यसमा केही काल्पनिक उडान र खुलदुलीलाई मिसाइन्छ र प्रथम पुरुष शैलीको प्रयोग गरिन्छ । एक्कासि सोच परिवर्तन गर्नुपर्दा यसमा अपूर्ण वाक्य वा कोष्ठकभित्र सङ्केत राखिन्छ अनि मात्र विषयवस्तुलाई परिवर्तन गरिन्छ ।पात्रको सोचाइलाई निष्कर्षमा पु-याएपछि नै मनोवाद टुङ्ग्याइन्छ ।

प्रश्नहरु

क) मनोवादको अर्को नाम के हो ?
ख) मनोवादमा पात्रका विचार कसरी आउँछन् ?
ग) मनोवादमा कस्ता पक्षलाई समेट्नुपर्छ ?
घ) मनोवादभित्र कुन अवस्थामा अपूर्ण वाक्य वा कोष्ठकको प्रयोग गर्न सीकन्छ ?

प्रश्न ११ तलको गद्यांशबाट चारवटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् ।२+२=४

पाल्पाको पहिचान ढाका कपडा र ढलोटको करुवासँग गाँसिएको छ । भोजपुरको खुकुरी र भाँडाकुँडा हरेक नेपालीका घरमा पुगेका छन् ।चितवनमा उत्पादन भएको मह झापाको बजारमा बिकी भइरहेको छ । नुवाकोटमा फलेको तरकारी काठमाडौँको भान्सामा पाकिरहेको छ । पाटनमा बनेका थाङ्का डोल्पामा बेचबिखन भइरहेको छ । जुम्लामा फल्ने मार्सी धानले काठमाडौँ पोखरालगायत सहरमा बजार पाएको छ । मानिसले जुम्ला,सोलुखम्बु र मुस्ताङको स्याउ,गोरखाको सुन्तला, रामेछापको जुनार खोजी खोजी खान थालेका छन् । हिजोआज मुलुकका प्रायःसबै ठाउँमा यातायातको सुविधा छ । यातायातका कारण पूर्वी नेपालमा उत्पादन हुने चिया पश्चिम नेपालमा पाइन्छ । यातायात तथा सञ्चारले फरक फरक ठाउँलाई मात्र होइन, जनताका भावना र सम्बन्धलाई पनि जोडेको छ ।

प्रश्न १२ तल दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् ।१×४=४

एउटा ठूलो खोलो हुनु---------- खोलामाथि एउटा साँघुरो पुल हुनु------- भेडा दुईतिरबाट आउनु-------दुबैले एक अर्कालाई देख्नु-----एकपटकमा एउटा मात्र तर्न सक्ने---- दुबैलाई हतार हुनु------दुबै भेडा तर्न खोज्नु--------दुबैको पुलको बिचमा भेट हुनु--------दुबै एक आपसमा जुध्न थाल्नु-----पुल हल्लिने हुनु------जुध्न नछाड्नु----दुईवटै खोलामा खस्नु र बग्नु-------घमण्ड गर्नु हुँदैन, घमण्डले विनास निम्ताउँछ भन्ने सन्देश ।

ऋथवा

'नयाँ कक्षाको पहिलो दिन' शीर्षकमा मनोवाद लेख्नुहोस् ।

१३ तलका मध्ये कुनै एकको भाव विस्तार गर्नुहोस् ।१×३=३

क) जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको ।

ख) एउटा शान्त घरको तलाउमा तनावरुपी तसङ्ग सिर्जना भएको थियो ।

प्रश्न १४ तलका मध्ये कुनै दुई प्रश्नको संक्षिप्त उत्तर लेख्नुहोस् । २×२=४

क) जुन्को ताबेई पर्वतारोहणका लागि कसरी आकर्षित भइन् ?
ख) कवितामा सूर्योदयसँग हुने परिवर्तनलाई कसरी देखाइएको छ ?
ग) रन बहादुरमा किन नयाँ जोस र उत्साह आएको थियो ?

प्रश्न १५ विवेचनात्मक उत्तर लेख्नुहोस् ।(-कुनै एकको मात्र ) १×५=५

क) ' फर्क आफ्नै देश ' कविताको मूल सन्देश लेख्नुहोस् ।
ख) स्वामी प्रपन्नाचार्यले वैदिक वाङ्मयका क्षेत्रमा पु-याएको योगदान चर्चा गर्नुहोस् ।

प्रश्न १६ दिइएको शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् ।(कुनै एकको मात्र ) १×५=५

क) पुस्तकालयको महत्व   ख) मेरो भविष्यको योजना   ग) साइबर अपराध

समाप्त